# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ९ चौमाला, कैलाली असार ०५ गते, शुक्रबार २०८३ साल, (संख्या १२)

**भाग-१**

**गौरीगङ्गा नगरपालिकाको दलित सशक्तिकरण तथा समावेशी विकास ऐन, २०८२**

नगर सभाबाट पारित मितिः २०८३।०३।०५

**प्रस्तावना:** नेपाली समाजमा ऐतिहासिक रूपमा दलित समुदायले भोग्दै आएका जातीय भेदभाव, छुवाछुत, बहिष्करण तथा वञ्चितीकरणका सबै स्वरूपको अन्त्य गरी दलित समुदायको सशक्तीकरण गर्दै समानता, सामाजिक न्याय र समावेशितामा आधारित समतामूलक समाज निर्माण गर्ने उद्देश्यले नेपालको संविधानको धारा १८, धारा २४, धारा ४० तथा धारा ४२ द्वारा प्रत्याभूत मौलिक हकहरूको प्रभावकारी कार्यान्वयन तथा व्यवहारमा सुनिश्चित गर्न आवश्यक भएकोले नेपालको संविधानको धारा २२६ बमोजिम गौरीगङ्गा नगरपालिका नगरसभाले यो ऐन बनाएको छ।

**परिच्छेद-१**

**<u>प्रारम्भिक</u>**

१. **संक्षिप्त नाम, प्रारम्भ :** (१) यस ऐनको नाम "गौरीगङ्गा नगरपालिकाको दलित सशक्तिकरण तथा समावेशी विकास ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

गौरीगंगा राजपत्र

(क) "नगरपालिका" भन्नाले "गौरीगङ्गा नगरपालिका" सम्झनुपर्दछ।

(ख) "अध्यक्ष" भन्नाले यस ऐनको दफा ५ बमोजिम गठित समितिको अध्यक्षलाई सम्झनुपर्दछ।

(ग) "ऐन" भन्नाले " गौरीगङ्गा नगरपालिकाको दलित सशक्तिकरण तथा समावेशी विकास ऐन, २०८२" सम्झनुपर्दछ।

(घ) "कसुर" भन्नाले जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव (कसुर र सजाय) ऐन २०६६ तथा मुलुकी अपराध संहिता ऐन २०७४ मा उल्लेखित अपराधलाई सम्झनुपर्दछ।

(ङ) "दलित समुदाय" भन्नाले नेपाल सरकारद्वारा सूचीकृत दलित समुदाय वा समुहलाई सम्झनुपर्दछ ।

(च) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि, निर्देशिका र मापदण्डमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(छ) "परम्परागत पेशा" भन्नाले दलित समुदायले प्राचीन समयदेखि जीविकोपार्जनका लागि अङ्गीकार गर्दै आएको विभिन्न पेशा, सीप, कला, ज्ञान तथा प्रविधिलाई सम्झनुपर्दछ ।

(ज) "सदस्य सचिव" भन्नाले दफा ५ बमोजिम गठित समितिको सदस्य सचिव सम्झनुपर्दछ।

(झ) "समिति" भन्नाले दफा ५ बमोजिमको समिति सम्झनुपर्दछ ।

(ञ) "सरोकारवाला" भन्नाले दलित हक तथा अधिकार सम्बन्धी काममा भुमिका देखिने सरकारी कार्यालय, गैरसरकारी संघसंस्था तथा नागरिक समाज सम्झनुपर्दछ ।

(ट) "सशक्तिकरण" भन्नाले नीतिगत रुपमा दलित समुदायहरुका व्यक्तिहरुको नागरिक, राजनैतिक, आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक अधिकार हरुको चौतर्फी विकासका लागि चालिने कदमलाई जनाउँछ ।

परिच्छेद-२

**उद्देश्य नीति, योजना तथा कार्यक्रम**

**३. <u>उद्देश्यः</u>** यस ऐनको उद्देश्य देहाय बमोजिम हुनेछः

(ठ) नगरपालिका क्षेत्रभित्र जातीय भेदभाव, छुवाछुत, बहिष्करण तथा विभेदजन्य व्यवहारको अन्त्य गरी समानता, सामाजिक न्याय र मानव मर्यादामा आधारित समाज निर्माण गर्नु।

(ड) दलित समुदायको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक तथा सांस्कृतिक अधिकारको संरक्षण, प्रवर्द्धन र प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउनु ।

(ढ) दलित समुदायको पहिचान, सम्मान, उत्थान, सशक्तीकरण तथा समावेशी विकासका लागि आवश्यक नीति, योजना, कार्यक्रम तथा संस्थागत व्यवस्था निर्माण गरी कार्यान्वयन गर्नु।

(ण) दलित समुदायको परम्परागत ज्ञान, सीप, कला, पेशा, प्रविधि तथा सांस्कृतिक सम्पदाको संरक्षण, आधुनिकीकरण, प्रवर्द्धन र व्यवसायीकरण गर्नु।

(त) शिक्षा, स्वास्थ्य, सीप विकास, रोजगारी, उद्यमशीलता तथा उत्पादनशील क्षेत्रमा दलित समुदायको पहुँच, सहभागिता र अवसर अभिवृद्धि गर्नु।

(थ) दलित समुदायका आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका व्यक्ति, परिवार र समूहको जीवनस्तर सुधार गरी आत्मनिर्भरता र आर्थिक सशक्तीकरणको व्यवस्था मिलाउनु।

(द) अन्तरजातीय विवाह, सहभोज, सामाजिक अन्तरक्रिया तथा अन्य सकारात्मक सामाजिक अभ्यासमार्फत जातीय सद्भाव, सामाजिक एकता, सहिष्णुता र पारस्परिक सम्मानको संस्कृतिलाई प्रोत्साहन गर्नु।

(ध) दलित समुदायमाथि हुने जातीय विभेद, हिंसा, उत्पीडन तथा अन्यायका घटनाको रोकथाम, संरक्षण, सहजीकरण तथा न्यायमा पहुँचको व्यवस्था मिलाउनु।

(न) दलित समुदायभित्र विद्यमान अन्तरविरोध, विभेद तथा सामाजिक समस्याको समाधानका लागि आवश्यक कार्यक्रम तथा पहल सञ्चालन गर्नु।

गौरीगङ्गा राजपत्र

(ऩ) स्थानीय सरकार, सरोकारवाला निकाय, नागरिक समाज तथा दलित समुदायबीच सहकार्य, समन्वय र साझेदारीमार्फत समतामूलक, समावेशी र विभेदमुक्त समाज निर्माणमा योगदान पुऱ्याउनु।

४. **कार्यक्रमहरु सञ्चालन सम्बन्धी व्यवस्था:** (१) यस ऐनका उद्देश्य प्राप्तिका लागि नगरपालिकाले उपलब्ध स्रोत, साधन, बजेट, आवश्यकता तथा प्राथमिकताका अधिनमा रही विभिन्न योजना, कार्यक्रम तथा क्रियाकलाप सञ्चालन गर्न सक्नेछ।

(२) यस ऐनमा उल्लेख भएका कार्यक्रमहरू परिस्थिति अनुसार वार्षिक नीति तथा कार्यक्रम, बजेट तथा स्वीकृत मापदण्ड बमोजिम सञ्चालन गरिनेछन्।

(३) यस ऐनमा उल्लेखित कुनै पनि कार्यक्रमलाई व्यक्तिको स्वतः प्राप्त हुने अधिकार वा नगरपालिकाको निरपेक्ष दायित्वका रूपमा व्याख्या गरिने छैन।

**(क) सामाजिक रूपान्तरण कार्यक्रम:**

(अ) जातीय भेदभाव तथा छुवाछुत सम्बन्धी कानुनी व्यवस्था, मानव अधिकार, सामाजिक न्याय तथा नागरिक कर्तव्यका विषयमा सूचना, सचेतना, अभिमुखीकरण तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

(आ) स्थानीय पाठ्यक्रम, सार्वजनिक कार्यक्रम, सञ्चार माध्यम तथा अन्य उपयुक्त माध्यमबाट समानता, सहिष्णुता, सामाजिक सद्भाव र विभेदविरुद्धका विषयवस्तु प्रवर्द्धन गर्ने।

(इ) सरकारी, सामुदायिक तथा सार्वजनिक संस्थाहरूमा विभेदमुक्त व्यवहारलाई प्रोत्साहन गर्ने सन्देश, सामग्री वा सूचना प्रवाहका कार्यक्रम सञ्चालन गर्ने।

(ई) जनप्रतिनिधि, शिक्षक, धार्मिक अगुवा, सामाजिक अभियन्ता, कर्मचारी, सुरक्षा निकाय, राजनीतिक दल तथा अन्य सरोकारवालाको क्षमता अभिवृद्धि र संवेदनशीलता विकासका कार्यक्रम सञ्चालन गर्ने।

(उ) जातीय भेदभाव तथा छुवाछुतविरुद्ध समुदायस्तरमा संवाद, अन्तरक्रिया, सहभोज तथा सामाजिक सद्भाव प्रवर्द्धन गर्ने गतिविधिहरू सञ्चालन गर्ने।

**(ख) समुदाय सशक्तीकरण कार्यक्रम**

(अ) दलित समुदायभित्र तथा समुदायबीच विद्यमान विभेद, अन्धविश्वास, कुरीति, कुसंस्कार तथा हिंसाजन्य व्यवहार

गौरीगङ्गा राजपत्र

न्यूनीकरण गर्ने सचेतनामूलक तथा सुधारमुखी कार्यक्रम सञ्चालन गर्ने।

(आ) दलित समुदायको परम्परागत कला, संस्कृति, ज्ञान, सीप तथा पेशाको संरक्षण, संवर्द्धन र समयसापेक्ष विकासका लागि आवश्यक पहल गर्ने।

(इ) स्वास्थ्य, शिक्षा, सरसफाइ, लैङ्गिक समानता, बालअधिकार तथा सामाजिक उत्तरदायित्वसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्न सक्ने।

**(ग) छुवाछुतमुक्त तथा विभेदमुक्त समाज निर्माण**

(अ) जातीय भेदभाव तथा छुवाछुतमुक्त समाज निर्माणका लागि आवश्यक मापदण्ड, सूचक तथा मूल्याङ्कन प्रणाली विकास गरी कार्यान्वयन गर्न सक्ने।

(आ) यस्तो घोषणा स्थायी प्रमाणपत्रमा नभई निश्चित समयको मूल्याङ्कनको आधारमा गरिएको मानिने छ । यसरी घोषणा गरिएको क्षेत्रमा पछि विभेदजन्य घटना देखिएमा त्यस्तो घोषणा स्वतः पुनरावलोकन गर्न सकिनेछ।

(इ) टोल, वडा तथा पालिकास्तरमा विभेदमुक्त वातावरण कायम राख्न अनुगमन, मूल्याङ्कन तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्न सक्ने।

(ई) यस्तो घोषणा कुनै क्षेत्र पूर्ण रूपमा विभेदरहित भएको कानुनी प्रमाणका रूपमा मानिने छैन।

(उ) यस्तो घोषणा सामाजिक रूपान्तरणको प्रोत्साहनात्मक कार्यक्रम मात्र हुनेछ।

**(घ) आर्थिक सशक्तीकरण सम्बन्धी कार्यक्रम**

(अ) परम्परागत तथा आधुनिक सीपको पहिचान, प्रमाणीकरण, स्तरोन्नति तथा क्षमता विकासका लागि सम्बन्धित निकायसँग समन्वय र सहजीकरण गर्ने।

(आ) दलित समुदायका परम्परागत ज्ञान, सीप, कला, प्रविधि तथा पेशाको संरक्षण, अभिलेखीकरण, अनुसन्धान, आधुनिकीकरण तथा व्यवसायीकरणमा सहयोग गर्ने।

(इ) सीप विकास तालिम, पुनर्ताजगी तालिम, प्रविधि हस्तान्तरण, औजार सहयोग तथा उद्यम विकासका कार्यक्रम सञ्चालन गर्न सक्ने।

गौरीगङ्गा राजपत्र

(ई) उद्यम दर्ता, व्यवसाय सञ्चालन, बजार पहुँच, वित्तीय साक्षरता, सहुलियतपूर्ण कर्जा तथा अन्य आर्थिक अवसरमा पहुँच विस्तारका लागि सहजीकरण गर्ने।

(उ) नगरपालिकाले मापदण्ड बनाई कृषि, पशुपालन, साना उद्योग, घरेलु उद्यम तथा स्वरोजगारका क्षेत्रमा बीउपूँजी, औजार सहयोग वा उत्पादनमुखी सहयोग गर्न सक्ने।

(ऊ) भूमिहीन तथा विपन्न दलित समुदायको जीविकोपार्जन तथा आवाससम्बन्धी समस्या समाधानमा सहयोग पुर्‍याउन सम्बन्धित निकायसँग समन्वय, सहजीकरण तथा सिफारिस गर्ने ।

**(ङ) समावेशी तथा समतामूलक सहभागिता**

(अ) नगरपालिका अन्तर्गत गठन हुने समिति, उपसमिति तथा कार्यसमूहहरूमा दलित समुदायको सम्भव भएसम्म समावेशी प्रतिनिधित्वलाई प्राथमिकता दिने।

(आ) प्रचलित कानून तथा समावेशी विकासका सिद्धान्त बमोजिम दलित समुदायका लक्षित वर्गलाई विशेष प्राथमिकता दिन सकिनेछ।

(इ) कार्यक्रम छनौट तथा लाभग्राही छनौटसम्बन्धी मापदण्डमा समावेशीता र समान अवसरका सिद्धान्त अवलम्बन गर्ने।

**(च) आवास तथा आधारभूत सेवामा पहुँच**

(अ) आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका, विपन्न तथा लक्षित दलित समुदायको आवास सुधारका लागि संघ, प्रदेश तथा अन्य निकायसँग समन्वय गरी सहयोगात्मक कार्यक्रम सञ्चालन गर्न सकिने।

(आ) खानेपानी, सरसफाइ, ऊर्जा तथा उत्पादनका साधनमा पहुँच विस्तार गर्न प्राथमिकतामूलक कार्यक्रम सञ्चालन गर्न सकिने।

**(छ) शिक्षामा पहुँच तथा प्रोत्साहन**

(अ) दलित समुदायका विद्यार्थीहरूको शिक्षा, छात्रवृत्ति, शैक्षिक सामग्री, आवासीय सुविधा तथा अध्ययन अवसरमा पहुँच विस्तारका लागि उपलब्ध स्रोत तथा स्वीकृत मापदण्ड बमोजिम कार्यक्रम सञ्चालन गर्न सकिने।

(आ) उत्कृष्ट, जेहेन्दार तथा आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका, विपन्न तथा लक्षित दलित विद्यार्थीहरूलाई उपलब्ध स्रोतका आधारमा छात्रवृत्ति, प्रोत्साहन वा अन्य सहयोग प्रदान गर्न सकिने।

गौरीगङ्गा राजपत्र

(इ) प्राविधिक, व्यावसायिक तथा उच्च शिक्षामा दलित समुदायको सहभागिता बढाउन विशेष कार्यक्रम सञ्चालन गर्न सकिने।

(ई) सामुदायिक साक्षरता, शैक्षिक पहुँच, विद्यालय निरन्तरता तथा शैक्षिक गुणस्तर अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्न सकिने।

(उ) स्थानीय पाठ्यक्रममा सामाजिक न्याय, समानता, विभेदविरुद्धको चेतना तथा दलित समुदायका ऐतिहासिक योगदानसम्बन्धी विषय समावेश गर्न पहल गर्न सकिने।

**(ज) सामाजिक सुरक्षा तथा संरक्षण**

(अ) अन्तरजातीय विवाह, सामाजिक सद्भाव तथा सामाजिक रूपान्तरणमा योगदान पुऱ्याउने व्यक्तिहरूलाई प्रचलित कानून तथा स्वीकृत मापदण्डका आधारमा उपलब्ध स्रोत तथा बजेटको अधीनमा रही सम्मान गर्न सकिने।

(आ) जातीय विभेदका पीडित, विस्थापित वा जोखिममा रहेका व्यक्तिहरूको संरक्षण, उद्धार, पुनर्स्थापनाका लागि सम्बन्धित निकायसँग समन्वय तथा सहजीकरण गर्ने।

(इ) दलित समुदायको समग्र विकासका लागि आवधिक रणनीति, कार्ययोजना तथा अध्ययन अनुसन्धानका कार्यक्रम सञ्चालन गर्न सकिने।

**(झ) स्वास्थ्य तथा पोषणमा पहुँच**

(अ) विपन्न तथा लक्षित दलित समुदायको स्वास्थ्य सेवा, स्वास्थ्य बीमा तथा उपचार सेवामा पहुँच विस्तार गर्न सहयोगात्मक कार्यक्रम सञ्चालन गर्न सकिने।

(आ) जटिल तथा दीर्घरोगबाट प्रभावित आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका, विपन्न तथा लक्षित दलित समुदायका लागि उपलब्ध स्रोत, स्वीकृत कार्यविधि तथा मापदण्ड बमोजिम उपचार सहायता कार्यक्रम सञ्चालन गर्न सकिने।

(इ) स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य सचेतना तथा समुदाय स्वास्थ्य प्रवर्द्धन कार्यक्रमहरूमा दलित समुदायको सहभागिता बढाउन प्राथमिकता दिन सकिने।

(ई) बालबालिका, गर्भवती तथा सुत्केरी महिलाको पोषण तथा स्वास्थ्य सुधारका लागि विशेष कार्यक्रम सञ्चालन गर्न सकिने।

परिच्छेद- ३

गौरीगंगा राजपत्र

## समन्वय तथा अनुगमन समितिको गठन, काम, कर्तव्य र अधिकार

५. **समन्वय तथा अनुगमन समिति गठनः** (१) यस ऐनको प्रभावकारी कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्याङ्कनका लागि देहाय बमोजिमको समन्वय तथा अनुगमन समिति गठन हुनेछः-

(क) नगर उपप्रमुख- अध्यक्ष

(ख) सामाजिक विकास समितिको संयोजक - सदस्य

(ग) नगर कार्यपालिकाका दलित सदस्यहरूमध्येबाट सम्भव भएसम्म फरक दलित समुदायको प्रतिनिधित्व हुने गरी कम्तीमा एक जना महिला सहित नगर कार्यपालिकाले मनोनयन गरेका तीन जना - सदस्य

(घ) दलित महिला हकहितका क्षेत्रमा कम्तीमा दुई वर्षदेखि क्रियाशील नागरिक समाज वा संघसंस्थाका प्रतिनिधिमध्येबाट नगरपालिकाले मनोनयन गरेको १ जना - सदस्य

(ङ) कानुन अधिकृत - सदस्य

(च) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख - सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार विषयविज्ञ, सरोकारवाला निकायका प्रतिनिधि वा अन्य व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको सचिवालय नगरपालिकामा रहनेछ।

६. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यस ऐनको कार्यान्वयनका लागि सम्बन्धित सरकारी निकाय, गैरसरकारी संस्था, नागरिक समाज, शैक्षिक संस्था तथा अन्य सरोकारवालासँग आवश्यक समन्वय, सहकार्य तथा सहजीकरण गर्ने।

(ख) नगरपालिका क्षेत्रभित्र हुने जातीय भेदभाव, छुवाछुत, बहिष्करण तथा अपमानजन्य व्यवहारसम्बन्धी घटनाको अवस्था सम्बन्धमा सार्वजनिक रूपमा उपलब्ध सूचना वा सम्बन्धित निकायबाट प्राप्त जानकारीको आधारमा अनुगमन तथा समन्वय गर्ने।

(ग) जातीय भेदभाव तथा छुवाछुतको अन्त्य, सामाजिक न्यायको प्रवर्द्धन तथा दलित समुदायको सशक्तीकरणका लागि आवश्यक नीति, योजना, कार्यक्रम तथा बजेट सम्बन्धमा नगर कार्यपालिकालाई सुझाव तथा सिफारिस गर्ने।

गौरीगङ्गा राजपत्र

(घ) जातीय भेदभाव तथा छुवाछुतविरुद्ध जनचेतना अभिवृद्धि, सामाजिक सद्भाव प्रवर्द्धन तथा सामाजिक रूपान्तरणका कार्यक्रम सञ्चालन गर्न वा गराउन सहजीकरण गर्ने।

(ङ) दलित समुदायको शिक्षा, स्वास्थ्य, रोजगारी, सीप विकास तथा सार्वजनिक सेवामा पहुँच अभिवृद्धि सम्बन्धी कार्यक्रमको अनुगमन गरी आवश्यक सुझाव प्रदान गर्ने।

(च) जातीय भेदभाव तथा छुवाछुतमुक्त वडा तथा नगरपालिका निर्माणका लागि आवश्यक मापदण्ड, सूचक तथा कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने।

(छ) आवश्यकता अनुसार जातीय भेदभाव तथा छुवाछुतसम्बन्धी विषयमा प्रचलित कानून तथा व्यक्तिगत गोपनीयताको सिद्धान्त बमोजिम तथ्याङ्क, सूचना तथा विवरण सङ्कलन, अध्ययन, अनुसन्धान तथा विश्लेषण गरी सम्बन्धित निकायमा आवश्यक सुझाव, सिफारिस वा राय प्रदान गर्ने। यसरी तथ्याङ्क, सूचना वा विवरण सङ्कलन गर्दा आवश्यक न्यूनतम विवरण मात्र सङ्कलन गरिनेछ र सम्बन्धित व्यक्तिको स्पष्ट सहमति बिना निजको व्यक्तिगत पहिचान खुल्ने विवरण सार्वजनिक, प्रकाशन वा प्रसारण गरिने छैन।

(ज) यस ऐनको कार्यान्वयनको अवस्थाबारे आवधिक समीक्षा गरी नगर कार्यपालिकासमक्ष प्रतिवेदन पेश गर्ने।

(झ) समितिले कुनै व्यक्तिलाई दोषी ठहर गर्ने, सजाय दिने, क्षतिपूर्ति निर्धारण गर्ने वा न्यायिक निर्णय गर्ने अधिकार प्रयोग गर्ने छैन।

(ञ) प्रचलित कानून तथा यस ऐन बमोजिम तोकिएका अन्य कार्य गर्ने।

७. **<u>समितिको बैठक तथा निर्णय सम्बन्धी व्यवस्थाः</u>** (१) समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ।

(२) बैठक बस्ने मिति, समय, स्थान र कार्यसूची सहितको सूचना बैठक बस्नुभन्दा कम्तीमा तीन दिनअघि सदस्यहरूलाई उपलब्ध गराउनुपर्नेछ।

(३) समितिको कुल सदस्य सङ्ख्याको कम्तीमा पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको बैठक कम्तीमा प्रत्येक चार महिनामा एक पटक बस्नेछ।

तर, समितिका कम्तीमा एक तिहाइ सदस्यले कारणसहित बैठक माग गरेमा अध्यक्षले सात दिनभित्र बैठक बोलाउनुपर्नेछ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूमध्येबाट छानिएको एक सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

गौरीगङ्गा राजपत्र

(६) समितिको निर्णय सर्वसम्मतिबाट गर्ने प्रयास गरिनेछ। सर्वसम्मति हुन नसकेमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गरी निर्णय पुस्तिकामा सुरक्षित राख्नेछ।

(८) समितिको बैठक सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

८. **स्वार्थको द्वन्द्व:** यस ऐन अन्तर्गत लाभग्राही छनोट वा सिफारिस सम्बन्धी कुनै निर्णयमा संलग्न पदाधिकारी, सदस्य वा कर्मचारी स्वयं वा निजको परिवार प्रत्यक्ष लाभग्राही हुने अवस्था भएमा त्यस्तो निर्णय प्रक्रियामा सहभागी हुन पाउने छैन।

परिच्छेद- ४

**बजेट तथा आर्थिक स्रोत व्यवस्थापन**

९. **बजेट तथा आर्थिक स्रोत व्यवस्थापन:** (१) यस ऐनको कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट तथा आर्थिक स्रोतको व्यवस्थापन प्रचलित कानून, स्वीकृत नीति तथा नगरपालिकाको वार्षिक बजेट बमोजिम गरिनेछ।

(२) यस ऐनमा उल्लिखित कार्यक्रमहरु सञ्चालनका लागि नगरसभाबाट विनियोजित बजेट, संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान, विकास साझेदार तथा अन्य निकायबाट प्राप्त सहयोग रकमलाई प्रचलित कानून बमोजिम व्यवस्थापन तथा परिचालन गरिनेछ।

(३) यस ऐन बमोजिम सञ्चालन हुने कार्यक्रमका लागि आवश्यक बजेट नगरपालिकाको वार्षिक नीति, कार्यक्रम, बजेट तथा उपलब्ध स्रोत-साधनको आधारमा विनियोजन गर्न सकिनेछ।

(४) यस ऐन अन्तर्गत प्राप्त हुने अनुदान, सहयोग वा अन्य रकम नगरपालिकाको प्रचलित वित्तीय प्रणालीमार्फत सञ्चालन गरिनेछ।

(५) यस ऐन बमोजिम सञ्चालन हुने कार्यक्रमको आयव्यय तथा प्रगतिसम्बन्धी विवरण नगरपालिकाले आवश्यकतानुसार छुट्टै शीर्षक वा उपशीर्षकमा अभिलेखीकरण गर्न सक्नेछ।

१०. **लेखा तथा लेखापरीक्षणः** यस ऐन बमोजिम प्राप्त तथा खर्च हुने रकमको लेखा, अभिलेख, प्रतिवेदन तथा लेखापरीक्षण सम्बन्धी व्यवस्था प्रचलित आर्थिक कार्यविधि सम्बन्धी कानून तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

गौरीगङ्गा राजपत्र

११. **<u>बैठक भत्ता तथा सुविधा सम्बन्धी व्यवस्थाः</u>** समितिका पदाधिकारी, सदस्य तथा आमन्त्रित विज्ञ वा पदाधिकारीलाई बैठक भत्ता तथा अन्य सुविधा उपलब्ध गराउँदा प्रचलित कानून, स्वीकृत मापदण्ड तथा नगरपालिकाको निर्णय बमोजिम हुनेछ।

परिच्छेद-५

**<u>विविध</u>**

१२. **<u>कानुनी सहायता तथा सहजीकरण सम्बन्धी व्यवस्था:</u>** (१) जातीय भेदभाव तथा छुवाछुतसम्बन्धी घटनाका पीडित व्यक्तिलाई न्यायमा पहुँच तथा सहजीकरण सम्बन्धी व्यवस्था गर्न सक्नेछ।

(२) दलित समुदाय तथा अन्य सेवाग्राहीलाई सूचना, परामर्श, गुनासो व्यवस्थापन तथा सहजीकरण सेवा उपलब्ध गराउन नगरपालिकाको महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखाले सहजीकरण गर्नेछ।

(३) उपदफा (२) बमोजिमको सेवा सञ्चालनका लागि नगरपालिका आवश्यकता अनुसार जनशक्ति, स्रोत तथा साधनको व्यवस्थापन गर्न सक्नेछ।

१३. **नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्ने:** यस ऐनको कार्यान्वयनका लागि नगर कार्यपालिकाले आवश्यक नियम, कार्यविधि, निर्देशिका, मापदण्ड वा अन्य प्रशासनिक व्यवस्था गर्न सक्नेछ।

१४. **संशोधन**: यस ऐनमा संशोधन गर्न आवश्यक देखिएमा नगरसभाले प्रचलित कानून बमोजिम संशोधन गर्न सक्नेछ।

१५. **<u>बाधा अड्काउ फुकाउने अधिकार:</u>** यस ऐनको कार्यान्वयनका क्रममा प्रशासनिक वा प्रक्रियागत प्रकृतिका कुनै बाधा अड्काउ उत्पन्न भएमा यस ऐनको उद्देश्य र प्रचलित कानूनको प्रतिकूल नहुने गरी त्यस्तो बाधा अड्काउ फुकाउन नगर कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ। यस्तो निर्णय नगरसभाको पहिलो बैठकमा जानकारी गराउनु पर्नेछ। तर यस दफाबमोजिम गरिएको निर्णयले यस ऐनको मूल व्यवस्था संशोधन गरेको मानिने छैन।

१६. **<u>बचाउ तथा खारेजी:</u>** (१) यस ऐनमा व्यवस्था भएका विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

(२) यस ऐनको कुनै व्यवस्था नेपालको संविधान, संघीय कानून वा प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म त्यस्तो व्यवस्था स्वतः निष्प्रभावी हुनेछ।

**अनुसूची-१**

**दफा ४ को ङ (अ) संग सम्बन्धीत**

**आवेदनको ढाँचा**

श्री ........................................ मितिः ..............

श्री गौरिगंगा नगरपालिकाको कार्यालय

चौमाला , कैलाली ।

फोटो

**विषयः - आवेदन पेश गरिएको सम्बन्धमा ।**

तहाँ कार्यालयबाट मिति .......................... मा प्रकाशित सूचना अनुसार दलित सशक्तिकरण ऐन, २०८२ बमोजिम दलित समुदायका लागि जीविकोपार्जन र आयआर्जनमा टेवा पुर्‍याउने उद्देश्यले सीप सिक्न/उद्यम सन्चालन गर्न प्राविधिक सहयोग उपलब्ध गराउने कार्यक्रममा सहभागी हुन इच्छुक भएकोले देहाय बमोजिमको विवरण सहित यो आवेदन पेश गरेको छु ।

१.नाम/थरः .....................................

सम्पर्क नं. ................................ इमेल.....................................

२. ठेगानाः गौरीगङ्गा नगरपालिका वडा नं. .......................... टोल ...................... ।

३. लिङ्गः (क) महिला (ख) पुरुष (ग) अन्य

४. जन्म मितिः .............. उमेरः ........................

**५.** नेपाल सरकारद्वारा सूचीकृत दलित समुदायमध्ये आफ्नो समुदाय उल्लेख गर्ने

**६. उपसमुह (चिन्ह लगाउने)**

(क) अपाङ्गता भएका व्यक्ति (ख) दलित समुदायभित्रका यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्ति (स्वेच्छाले खुलाउन चाहेमा) (ग) एकल महिला (घ) परिवारमा कुनै नियमित आय नभएका व्यक्ति (ङ) अन्य

७. निवेदकले इच्छाएको सीप उल्लेख गर्नेः

८. सीप परीक्षण गर्न चाहेको सीपको नामः

९. सन्चालन गर्न चाहेको उद्यमको नामः

१०.हालको पेशा:

११. लिन चाहेको प्राविधिक सहयोगः

गौरीगंगा राजपत्र

१२.आफु संग भएको बिशेष ज्ञान सीप छ भने :

१३. संलग्न कागजातः

(क) नागरिकताको प्रतिलिपि

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (भएको खण्डमा)

आवेदकको नाम :

आवेदकको दस्तखतः

आज्ञाले
भक्तराज जोशी
प्रमुख प्रशासकिय अधिकृत

गौरीगंगा राजपत्र